# नेपालमा सामाजिक समावेशीकरणको व्यावहारिक कार्यान्वयनका लागि केही सुझावहरू



गम्भीरबहादुर हाडा

विकास प्रक्रियामा जनताको सहभागिता र सरोकारले विकास प्रक्रियालाई गति प्रदान गर्छ भन्ने कुरामा सबै अध्येता र अनुसन्धाताहरू सहमत देखिन्छन् । जनताले विकास क्रियाकलापको सञ्चालनबाट आफूलाई फाइदा पुग्छ भन्ने कुरामा विश्वास गर्ने वातावरणको सिर्जनाले मानिसलाई विकास प्रक्रियामा सामेल हुन तत्पर र उत्सुक बनाउँछ र विकास कार्यक्रमको तर्जुमा र कार्यान्वयन, अनुगमन र मूल्यांकन समेतका विकास व्यवस्थापनका विभिन्न पक्षसम्बन्धी महत्वपूर्ण निर्णयमा सहभागी हुने अवसर प्राप्त भएमा मानिसहरूले विकास कार्यक्रमको सञ्चालन र सफलतालाई आफ्नो जिम्मेवारीको रुपमा लिन्छन् भन्ने कुरा पनि अध्ययन, अनुसन्धान र अनुभवले देखाएका छन् । त्यसैले, तुलनात्मक रुपले पछि परेका र कमजोर अवस्थामा रहेका वर्ग र समुदायका मानिसहरूलाई विकास कार्यको व्यवस्थापनमा संलग्न गराएर विकास कार्यक्रमको उद्देश्यको परिपूर्तिमा सघाउ पुर्‍याउनु पर्छ ।

> 'नेपालमा जाति, आदिवासी र जनजातिको उत्पत्ति र विकासका दृष्टिले ठूलो अन्तर नभएका कारण मौलिकताका आधारमा यिनीहरूलाई अलगअलग गर्न कठिनाइ पर्दछ ।'

विकासलाई जीवनस्तर सुधार गर्नका निम्ति साधन र स्रोतको व्यवस्थापन र परिचालन गर्ने क्षमतामा बृद्धि गर्ने प्रक्रियाको रुपमा हेर्ने विश्वप्रसिद्ध चिन्तक ओलिभर कोर्टेनको दृष्टिकोण र विकासलाई स्वतन्त्रताको अर्थात् निर्णय गर्ने वा छनोट गर्ने स्वतन्त्रताको रुपमा हेर्ने अर्का चिन्तक अमर्त्य सेनको दृष्टिकोण दुवैले विकासलाई मानवीय क्षमताको वृद्धि र विकासको रुपमा हेरेका छन् । मानवीय क्षमताको विकास प्रक्रियालार्य नै यथार्थमा सशक्तीकरण भनिने हुनाले सशक्तीकरण विकास प्रक्रियालाई दिशा प्रदान गर्ने निर्णायक तत्व हो भन्ने कुरा स्पष्ट हुन्छ । अध्ययन र अनुसन्धानहरूले समावेशीकरण र सशक्तीकरणले समृद्धि र न्यायपूर्ण समाजको स्थापना गर्ने काममा एक अर्काका परिपूरकको काम गर्दछन् भन्ने कुरा देखाएका छन् ।

### पछाडि पारिएको वर्ग र समावेशीकरणको सवाल

नेपालमा जाति, आदिवासी र जनजातिको उत्पत्ति र विकासका दृष्टिले ठूलो अन्तर नभएका कारण मौलिकताका आधारमा यिनीहरूलाई अलगअलग गर्न कठिनाइ पर्दछ

तापनि यिनीहरूको समानता र भिन्नता सम्बन्धमा फरक-फरक दृष्टिकोण राखिएको छ । सन् १९२३ मा अन्तर्राष्ट्रिय श्रम संगठन (ILO) ले आदिवासी श्रमिकहरूका अधिकारका बारेमा कुरा उठायो । १९९३ मा संयुक्त राष्ट्रसंघले आदिवासी वर्ष नै मनायो । सर्वप्रथम टिवेटो-वर्मन भाषा बोल्ने सिनो-मङ्गोल जाति पाँच हजार वर्ष अगाडि नेपालमा आएको थियो । नेवारहरू गौतम बुद्धको समयमा कपिलवस्तुमा बनारसका राजा विरुदेवले हमला गर्दा भागेर काठमाडौँ उपत्यकामा आएका थिए । जयस्थिति मल्लको समयमा यिनीहरूको बौद्धमार्गी भिक्षु-भिक्षुणीसँग वैवाहिक सम्बन्ध कायम भयो । मल्ल राजाहरूले लिच्छविहरूलाई हराई उनीहरूलाई ज्यापूमा मिलाएका थिए ।

यसरी हेर्दा जातिहरूमा एक-अर्काबीच सम्मिश्रण भएको पाइन्छ । त्यसकारण संयुक्त राष्ट्र संघले राज्यको मूल प्रवाह समातेर बसेका जातिभन्दा पहिले आएकालाई 'आदिवासी' मानेको हो । नेपालमा 'आदिवासी' र 'जनजाति' यी दुई शब्द एकसाथ प्रयोग हुँदै आएका छन् । यिनीहरूलाई शासक वर्गहरूले जबरजस्ती वर्ण व्यवस्थाको प्रवाहभित्र पारेर सांस्कृतिक रुपमा शोषित र उत्पीडित बनाएका थिए । यिनीहरूलाई आफ्नो मौलिक संस्कृतिविहीन बनाउने प्रयासहरू समेत भए । यिनीहरू भाषा, धर्म, संस्कृतिका आधारमा विभेदयुक्त र उत्पीडित भएका छन् । नेपालमा विगत ५० वर्षदेखि सामाजिक परिवर्तनले तीव्रता लिएको छ । तापनि सामाजिक कल्याणको क्षेत्रमा जति प्रगति हुनु पर्ने हो त्यति हुन सकिरहेको छैन । यसका केही महत्वपूर्ण कारणहरू छन्, जस्तो कि : अशिक्षा, रुढी एवं अन्धविश्वास, लक्ष्य र साधनमा असन्तुलन, व्यावहारिक पक्षमा कम ध्यान, प्रशासनको अकुशलता र स्वार्थपरता, गुटबन्दी र दरबन्दी, मानवीय तथा सांस्कृतिक कारकहरूको उपेक्षा, राष्ट्रिय चरित्रको अभाव, विश्वासिलो तथ्याङ्कको अभाव, समाज, वैज्ञानिक र प्रशासकबीच सहयोगको अभाव, साधारण जनतामा उत्साह एवं सहयोगको अभाव, आदि ।

> 'इतिहासले ४ वर्ण ३६ जातको फूलबारीको रुपमा स्वीकारेको हाम्रो देश आज ३६ भन्दा धेरै जातजातिबाट धनी हुन पुगेको छ ।'

नेपालमा योजनाबद्ध परिवर्तनलाई सफल पार्नका लागि उपयुक्त सीमा वा बाधाहरू हटाउन र सामाजिक-वैज्ञानिकहरूलाई सक्रिय सहयोग जुटाइदिन आवश्यक छ । संसारका सबैजसो भौतिक एवं अभौतिक वस्तुहरू परिवर्तनशील छन् । त्यसैले समाज र संस्कृति पनि निरन्तर रुपमा समय, परिस्थिति, आवश्यकता र मानव विकाससँगै परिवर्तन भइरहेको छ ।

समावेशीकरणको दर्शन तीनओटा सिद्धान्तबाट निर्देशित छ : (क) समतामूलक पहुँच (Equitable Access), (ख) पूर्ण सहभागिता (Full Participation), (ग) विविधताको स्वीकृति र सम्मान (Approval and respect for Diversity) । यी सिद्धान्तहरूलाई समावेशीकरणका निर्देशन सिद्धान्त मानिने हुनाले यिनैका आधारमा समावेशीकरणलाई एक समतावादी धारणा मानिन्छ, जसले सबै मानिसलाई व्यक्तिका रुपमा स्वीकार गरी उनीहरूलाई पृष्ठभूमिको आधारमा वर्गीकरण नगरी समान महत्व दिएर वर्गीकरणमा आधारित मान्यताको अन्त्य गर्दछ ।

समावेशीकरणको मुख्य आशय राज्य सञ्चालनका हरेक क्षेत्रमा विशेष व्यवस्था गरी महिलालगायत समाजका पिछडिएका वर्गको सहभागिता अभिवृद्धि गर्ने भन्ने हो । यसैअनुरुप विश्वका कतिपय देशहरूले यससम्बन्धी व्यवस्था गर्ने प्रयास गर्दै आएका छन् । यस्ता प्रयासहरूमध्ये आरक्षण (Reservation) को व्यवस्था पनि एक हो । आरक्षण गर्दा राजनीतिक, शैक्षिक, प्रशासनिक, आर्थिक, सामाजिक क्षेत्रमा सबै वर्गका जनताको संलग्नतालाई आधार मान्ने गरिन्छ ।

इतिहासले ४ वर्ण ३६ जातको फूलबारीको रुपमा स्वीकारेको हाम्रो देश आज ३६ भन्दा धेरै जातजातिबाट धनी हुन पुगेको छ । ३६ जातिबाट सयभन्दा बढी जाति बनेको जातिभित्र आज करिब ६० उपजाति भइसकेका छन् । जातिजस्तै भिन्नाभिन्नै भाषाभाषीलाई केलाएर हेर्दा हामी १२५ भन्दा बढी भाषा बोल्ने मानिसहरूको यहाँ बसोबास पाउँछौं । धर्मतिर नियाल्दा १० भिन्नभिन्न धर्म मान्ने धार्मिक समुदायहरू नेपालमा भेटिएका छन् ।

## समावेशीकरणका स्वरुप र प्रक्रिया

विभिन्न विद्वानहरूले समावेशीकरणका स्वरुप र प्रक्रिया निम्न १० प्रकारका हुने कुरा उल्लेख गरेका छन् :

(१) राजनीतिक समावेशीकरण (२) आर्थिक समावेशीकरण (३) सामाजिक समावेशीकरण (४) सांस्कृतिक समावेशीकरण (५) लैंगिक समावेशीकरण (६) जातीय समावेशीकरण (७) भाषिक समावेशीकरण (८) धार्मिक समावेशीकरण (९) प्रशासनिक समावेशीकरण, र (१०) प्रादेशिक समावेशीकरण ।

यस छोटो आलेखमा ती सबै प्रकारको व्याख्या सम्भव नभए पनि तिनका सकारात्मक र नकारात्मक पक्षका बारेमा संक्षिप्तमा तल चर्चा गरिन्छ ।

**समावेशीकरणका सकारात्मक पक्षहरू**

- आरक्षण तथा सकारात्मक विभेदको सन्तुलित प्रयोग हुने, पहिचानको सुनिश्चितता हुने, समानुपातिक प्रतिनिधित्व हुने,
- पहुँचमा वृद्धि हुने, राष्ट्रिय मूल प्रवाहीकरण हुने, समावेशी लोकतन्त्र कायम हुने, (सबै प्रकारका सामाजिक विभेदको अन्त्य हुने,
- नागरिक सशक्तीकरण कायम हुने
- दिगो शान्ति कायम भई स्थिरताको अनुभूति हुने, आदि ।

**समावेशीकरण नकारात्मक पक्षहरू**

- अध्ययन अनुसन्धानविना प्रयोग भएमा थप अनिश्चितताको वातावरण सिर्जना हुने, प्रचारबाजीको रुपमा ल्याइएको भएमा सामाजिक विग्रह आउन सक्ने,
- दीर्घकालीन दृष्टिकोणको अभाव हुन सक्ने, संरक्षणात्मक पक्षमा मात्र जोड दिने, योग्यता प्रणालीमा असर पर्न सक्ने,
- लक्षितवर्गभित्र पनि टाठा-बाठाहरूबाट नै समावेशीकरणको दुरुपयोग बढ्न सक्ने, जातिगत असन्तुलन पैदा भई मनोवैज्ञानिक द्वन्द्व सिर्जना हुन सक्ने, आदि ।

## सहभागिता र सामाजिक समावेशीकरण

सहभागिता र सामाजिक समावेशीकरणलाई सशक्तीकरणको तेस्रो आयामको रुपमा पहिचान गरिएको छ । सहभागिता र समावेशीकरणको अभावमा विकास एवं गरिबी निवारणजस्ता नीतिको कार्यान्वयन गर्नका निम्ति आवश्यक पर्ने सामाजिक स्वामित्वको अभाव हुन्छ। कुनै पनि विकास कार्यक्रमलाई सरकारले स्वामित्व लिएको आधारमा मात्र जनताले आवश्यक समर्थन र सहयोग प्रदान गर्दैनन् भन्ने कुरा अनुभवले सिद्ध गरेको छ । यसरी समावेशीकरणलार्य प्रभाव पार्ने तत्व वा सशक्तीकरणका आयामको पहिचानले सशक्तीकरणका निम्ति के कस्ता कार्यको सम्पादन गर्न आवश्यक हुन्छ भन्ने कुरामा स्पष्ट हुन मद्दत पुग्छ।

**समावेशीकरणको प्रभावकारिता बढाउने केही उपायहरू**

आफ्नै अनुभव र विभिन्न स्रोतहरूका आधारमा यहाँ मैले १२ वटा उपाय सुझाएको छु :

१. सकारात्मक विभेदका कार्यतर्फ नीति निर्माणका तहहरूमा विशेष गरेर प्रशासनिक क्षेत्रहरूमा, मनोनयन वा नियुक्ति हुने आयोगहरूमा र स्थानीय निकायहरूमा सबै वर्गको प्रतिनिधित्व गराउन क्षमता अभिवृद्धिका साथै सकारात्मक विभेदको नीति लिनुपर्छ (हेर्नुहोस् बक्स १)। निजामती सेवालाई थप समावेशी बनाउन अल्पकालमा अर्थात् पाँच वर्षका लागि अभियानकै रुपमा नियुक्ति पूर्व तालिम कार्यक्रम, तयारी कक्षाहरू र क्षमता अभिवृद्धिका कार्यक्रमहरू सञ्चालन गर्नुपर्छ।

**बक्स १ : आरक्षण र 'सकारात्मक विभेद'को नीति : केही सकारात्मक उपलब्धि**

सामाजिक र आर्थिक रुपले कमजोर अवस्थामा रहेका मानिसलाई नीति निर्माण र निर्णय गर्ने ठाउँमा पुर्‍याउनका निम्ति उनीहरूमा स्वतन्त्र रुपले त्यस्तो ठाउँमा पुग्ने प्रतिस्पर्धात्मक क्षमताको विकास नभएसम्मका निम्ति राज्यले शासकीय संरचनामा निश्चित स्थान वा पदको आरक्षण (Reservation) गर्ने नीति लिन सक्छ । त्यसैगरी सीमान्तीकृत अवस्थामा रहेका समुदायको प्रवेशलाई तुलनात्मक रुपले सहज बनाउनका निम्ति उनीहरूलाई फरक वा सहज मार्गबाट प्रवेश गर्न राज्यले सकारात्मक विभेद (Positive Discrimination) को नीति अपनाउन सक्छ ।

नेपालको व्यवस्थापिकामा महिला, दलित, आदिवासी आदिका निम्ति निश्चित न्यूनतम स्थान छुट्याउने कानुनी व्यवस्था भएको कुरालाई आरक्षणको दृष्टान्तको रुपमा लिन सकिन्छ भने निजामति सेवामा ४० वर्षको उमेरसम्म महिलाहरूले प्रवेश गर्न पाउने र महिला, दलित र पछाडि परेका अरु निश्चित समुदायसँग सम्बद्ध पदाधिकारीलाई अरु समुदायका पदाधिकारीभन्दा एक वर्ष थोरै अनुभव भए पनि पदोन्नतिका निम्ति उम्मेदवार हुने अवसर दिनेजस्ता कानुनी व्यवस्थालाई सकारात्मक विभेदका दृष्टान्तको रुपमा लिन सकिन्छ। निश्चित समुदायका बालबालिकालाई छात्रवृत्ति प्रदान गर्ने जस्ता व्यवस्थालाई पनि सकारात्मक विभेदका दृष्टान्तको रुपमा लिन सकिन्छ ।

पछाडि परेका समुदायका मानिसहरूको क्षमता विकासका निम्ति लक्षित कार्यक्रम सञ्चलन गरेर पनि समावेशीकरणमा मद्दत पुर्‍याउन सकिन्छ । निजामति सेवामा महिलाहरूको सहभागिता बढाउनका निम्ति न्यूनतम योग्यता पुगेका महिलाहरूलाई प्रतियोगितात्मक परीक्षाको पाठ्यक्रमसम्बन्धी प्रशिक्षण दिने कार्यक्रम महिला तथा बालबालिका र समाज कल्याण मन्त्रालयले सञ्चालन ग रेको पाइन्छ । यस्तो कार्यक्रमलाई क्षमता विकासको कार्यक्रमको दृष्टान्तको रुपमा लिन सकिन्छ । त्यसैगरी पछाडि परेका समुदायका विद्यार्थीलाई उच्च शिक्षा अध्ययनका निम्ति छात्रवृत्ति उपलब्ध गराउनेजस्ता कार्यक्रमलाई पनि क्षमता विकास कार्यक्रमको रुपमा लिन सकिन्छ ।

२. समावेशीकरणका सम्बन्धमा नीतिगत रुपमा सरकार स्पष्ट हुनुपर्दछ । राज्यले कस्तो नीति लिने र त्यसको कार्यान्वयन कसरी र कहिलेसम्ममा गर्ने भन्ने सन्दर्भमा राज्यको नीतिगत धारणा स्पष्ट हुनुपर्छ । नेपाल जस्तो बहुजातीय, बहुधार्मिक, बहुसांस्कृतिक र विभिन्न वर्ग र समुदायले बसोबास गरेको देशको सन्दर्भमा राज्यले विशेष व्यवस्था गरी सबैलाई समान अवसर प्राप्त हुने स्थिति सिर्जना गर्नु अति आवश्यक छ ।

३. सामान्य रुपमा असमावेशी कार्यहरूलाई स्थगित गरी असमावेशी र सुविधासम्पन्न वर्गबीचको विभेद भत्काई असमावेशी र सुविधासम्पन्न वर्गबीचको दूरी कम गर्दै जान सकिन्छ । यसै क्रममा समावेशी र असमावेशीबीच अन्तर्सम्बन्ध र सहकार्य बढाउँदै विकासका आयामहरूलाई समानुपातिक रुपमा बढाउने तहगत श्रृंखला बनाई समावेशीकरण गर्न सकिन्छ ।

४. समावेशीकरणको अवधारणाको कार्यान्वयनमा राजनीतिक प्रतिबद्धताको आवश्यकता पर्दछ । समावेशीकरणको मुद्दा मुख्यतः राजनीतिक मुद्दा हो । यसको शुरुवात राजनीतिक पदमा धेरै सिटको व्यवस्था गरेर गर्न सकिन्छ । ज्ञान र सीपका क्षेत्रमा हरेक नागरिकलाई सशक्त नबनाई समावेशीकरणको अवधारणा व्यवहारमा उतार्न सकिँदैन । यसैले शैक्षिक क्षेत्रमा बढी भन्दा बढी आरक्षणको व्यवस्था गर्नु आवश्यक छ । सामाजिक परम्परा र देखावटी तडकभडकले महिला तथा पिछडिएका अन्य वर्गले सम्मानपूर्वक बाँच्नमा कठिनाई परिरहेको छ । यस्ता गलत प्रवृत्तिहरूमा तुरुन्त रोक लगाई आफ्नो हैसियतअनुरुपको कार्य गर्ने वातावरणको सिर्जना गर्न सरकार, राजनीतिक दलहरू, नागरिक समाजका संस्थाहरू लागि पर्नु आवश्यक भएको छ ।

> 'असमावेशी कार्यहरूलाई स्थगित गरी असमावेशी र सुविधासम्पन्न वर्गबीचको विभेद भत्काई असमावेशी र सुविधासम्पन्न वर्गबीचको दूरी कम गर्दै जान सकिन्छ ।'

५. महिला, दलित र जनजातिको पहुँचमा बाधा पुऱ्याउने तत्वहरू पत्ता लगाउनका लागि मूलधारका सबै कार्यक्रमको व्यवस्थित ढंगले विश्लेषण गर्ने र ती बाधा पन्छाउनका लागि उपयुक्त संरचना तयार गरी त्यसका लागि प्रोत्साहन दिने । समावेशीकरणका लक्ष्य प्राप्तिका निमित्त सबै क्षेत्रलाई जिम्मेवारी दिई जवाफदेही बनाउनुका साथसाथै विभिन्न जाति र जनजाति लिङ्गका क्षेत्रमा भएका उपलब्धि स्पष्ट देखिने सूचक तयार गर्ने र सुधारका लागि नीतिगत कदमहरूलाई प्रभावकारी बनाउनका लागि क्षेत्रगत अनुगमन र मूल्याङ्कन प्रणालीलाई गरिबी अनुगमन तथा विश्लेषण प्रणालीसँग जोड्ने गर्नुपर्दछ ।

६. विभिन्न मन्त्रालयले उठाएका समावेशी कदमहरूबीच समन्वय र तिनको अनुगमन गर्नका लागि राष्ट्रिय योजना आयोगमा समावेशी कार्यदल गठन गर्ने र यसलाई गरिबी निवारणका पहलहरूसँग आबद्ध गरी केन्द्रीय अनुगमन प्रणालीसँग समन्वय गराउने र यस कार्यदलले पछि गएर समावेशीकरणका सम्बन्धमा दशौं योजनाले हासिल गरेका उपलब्धिको मूल्याङ्कन गर्नुका साथै अरु योजनाहरूको लागि प्रस्ताव तयार गर्ने कामको नेतृत्व लिन सक्छ ।

७. सम्बन्धित सबै मन्त्रालयका नीति तथा कार्यक्रमलाई समावेशी बनाउनका लागि लैङ्गिक सम्पर्क व्यक्तिलाई क्षेत्रगत सामाजिक समावेशीकरण एकाइको अङ्गका लैङ्गिक दलित र जनजाति विषयका विशेषज्ञ नियुक्त गर्ने अधिकारप्राप्त वरिष्ठ सरकारी अधिकारी यस एकाइको प्रमुख हुनुपर्छ । जिल्लास्तरमा रहेको महिला विकास कार्यालयको क्षमताको उपयोग गर्दै जिल्लामा लैङ्गिक तथा सामाजिक समावेशीकरण कार्यालय स्थापना गर्ने यसको सार्थक समन्वयका लागि क्षेत्रगत मन्त्रालयहरू, प्रतिनिधिमूलक राष्ट्रिय संगठनका साथै राष्ट्रिय महिला आयोग, राष्ट्रिय दलित आयोग, राष्ट्रिय आदिवासी जनजाति प्रतिष्ठानका स्थानीय निकायसँग सम्पर्क स्थापना गर्नुपर्दछ ।

८. औपचारिक तथा अनौपचारिक बाधाहरूले गर्दा सरकारले विभिन्न मन्त्रालय तहमा भएका प्रयासहरूलाई समावेशीकरणका दिशामा समन्वयात्मक ढङ्गबाट अगाडि बढाउन सकेको छैन । समावेशीकरण अन्तर्गतका नीति र कार्यक्रमलाई प्रभावकारी ढंगले समन्वय गर्ने हो भने कार्यक्रमको प्रभावकारिता धेरै मात्रामा बढ्छ, कामको दोहोरोपना घट्छ र सबै तहमा अझ बढी प्रभाव बढ्छ । समावेशी कार्यक्रम सुनिश्चित गर्नका लागि हरेक ठोस संयन्त्रको सिफारिस गर्नुपर्दछ ।

९. राष्ट्रिय महिला आयोग र राष्ट्रिय दलित आयोग गठन र सञ्चालन सम्बन्धी ऐन जारी गर्ने र यी आयोगहरूलाई

अर्धस्वायत्त संवैधानिक निकायका रुपमा काम गर्न सक्ने बनाउने, यिनीहरूलाई अर्थमन्त्रालयबाट बजेट र दाताहरूबाट सोभै सहयोग लिन सक्ने व्यवस्था मिलाउनुपर्दछ ।

१०. आफ्नो संस्थाभित्रको समावेशीकरणको अवस्था थाहा पाउन र त्यसमा सुधार गर्नका लागि दातृ संस्था र गैरसरकारी संस्थाले आफ्नो संस्था र तिनका विभिन्न पक्षहरूमा समावेशीकरणको परीक्षण र समीक्षा गर्नुपर्छ । दातृ संस्थाले आफूले सहयोग गरेका गैरसरकारी संस्थाहरूलाई माथिकै जस्तो परीक्षण गर्न र त्यसका नतिजा सरकारलाई उपलब्ध गराउन लगाउनुपर्छ । दातृ संस्थाहरूलाई आफ्नो सम्बन्धको दायरा बढाउन र समावेशीकरणको ज्ञान अभ्र गहिरो बनाउन प्रोत्साहन दिनुपर्दछ । यसका लागि सामान्यतया दातृ संस्थासम्म आफ्ना कुरा पुऱ्याउन नसक्ने विविध समूहसँग छलफल गर्ने र उनीहरूबाट जानकारी लिने गर्नुपर्दछ ।

११. राज्यको सार्वजनिक सेवा प्रवाहको अवस्था चुस्त, दुरुस्त, मितव्ययी, पारदर्शी एवं आधुनिक हुन नसक्नु, राजनीतिक दलहरूबीच स्वच्छ प्रतिस्पर्धाको अभाव हुनु, राजनीतिक प्रणाली संस्थागत भए पनि राजनीतिक संस्कार अभ्रै पनि संस्थागत हुन नसक्नु, जसले गर्दा सामाजिक न्यायका कतिपय क्षेत्रमा अन्योल, विवाद, अस्थिरता कायम हुनु, उदाहरणका लागि सामाजिक सुरक्षा भत्ता, मुलुकको प्रशासनिक संयन्त्र सबलीकरण हुन नसक्नु, संघीयता एवं जनअपेक्षाअनुरुप आफ्नो उपस्थिति, आचरण, व्यवहार, सक्षमतामा सुधार ल्याउन नसक्नु, जिम्मेवारी जवाफदेहिता र पारदर्शिताको अवस्था कमजोर हुनु ।

१२. सामाजिक न्याय एवं सुरक्षा प्राप्ति गर्ने लक्षित वर्ग एवं समुदाय पहिचान गर्न र उपयुक्त मापदण्ड निर्धारण गर्नुपर्दछ ।

## सार र निष्कर्ष

सामाजिक विभेद अन्त्य गर्दै पिछडिएका जात, जाति, वर्ग आदिका मानिसलाई बिना भेदभाव राष्ट्रिय मूलधारमा ल्याउन आवश्यक छ । यस्ता समूहको पहुँच बढाउन राज्य, सरकार तथा समुदायले महत्वपूर्ण भूमिका निर्वाह गर्नुपर्छ । सामाजिक चेतना जगाउने तथा नीति नियमको निष्पक्ष कार्यान्वयन गर्नाले पनि समावेशीकरण सम्भव हुन्छ । समाजमा सामाजिक विभेदका बीच सामाजिक न्याय हुन नसकेको अवस्था छ । स्रोत-साधनको प्रयोग, अधिकार, कर्तव्यको प्रयोग सहज रुपमा हुन सकिरहेको छैन । न्याय ज्यादै खर्चिलो भएको छ । मानवअधिकार 'हात्तीको देखाउने दाँत' जस्तो भएको छ । राजनीतिक एवं नागरिक अधिकार स्थापित भएको छैन । मौलिक हक र अधिकार शक्ति भएकाहरूको पेवा भएको छ । यसको सबल कार्यान्वयनका लागि सक्षम सरकार, न्यायपूर्ण र सचेत समाजको आवश्यकता पर्दछ ।

राज्य सञ्चालनका लागि साधन-स्रोतको अभाव छ । यसले गर्दा बेरोजगार सहायता प्रदान गर्न सकिएको छैन, मुलुकको बजेट संरचनामा चालू खर्चको बजेट बढी छ, पुँजीगत खर्चको बजेट कम छ, विनियोजित पुँजीगत बजेट पनि बर्सेनि खर्च हुन नसकेको अवस्था छ । सामाजिक न्याय कायम गर्ने प्रमुख आधार कानुन हो तर संविधानले व्यवस्था गरेका कतिपय व्यवस्थाको कार्यान्वयन गर्न कानुन तर्जुमा हुन सकेका छैनन् । यसबाट पनि सामाजिक न्याय कार्यान्वयन हुन नसकेको देखिन्छ । नेपालमा भौगोलिक विकटता छ । पहाडमा छरिएको बस्ती छ, विकासका पूर्वाधार घरसम्म वितरण गर्न कठिनाइ हुने गरेको अवस्था छ । यसले पनि सामाजिक न्याय कार्यान्वयनमा अवरोध ल्याएको छ ।

निश्चित छ, समाज र राष्ट्रको विकासमा समावेशीकरणबाट ठोस र प्रत्यक्ष योगदान पुग्ने देखिन्छ । समावेशीकरण र सशक्तीकरणको प्रक्रिया दुवैले एकले अर्को प्रक्रियामाथि प्रभाव पार्ने हुनाले राष्ट्रले निम्न तीन किसिमको परिवर्तन साथसाथै ल्याउने प्रयत्न गर्नुपर्ने देखिन्छ : क) जीवनयापनका साधन र स्रोतहरूसम्मको पहुँच, ख) आफूलाई प्रभाव पार्ने संस्थाको कामकारवाहीका विषयमा आवाज उठाउने, प्रभाव पार्ने र ती संस्थालाई आफूप्रति उत्तरदायी बनाउने क्षमता, ग) राज्य र समाजको जीवनमा मानिसको सहभागिताको नियमन र व्यवस्था गर्ने र जीवनयापनका अवसर र राजनीतिक प्रभावमाथिको पहुँच सुनिश्चित गर्ने नियमको निर्माण गर्ने कार्यमा भूमिका ।

अन्तमा, महिला सशक्तीकरण अभियानलाई समुदायस्तरमा पुऱ्याई राज्यका सवै अङ्गमा महिलाको सहभागिता सुनिश्चित गर्न ढीला गर्नु हुँदैन । विकासका आयामहरूमा लैङ्गिक मूलप्रवाहीकरण अपेक्षा गरिएअनुसार प्रगति हुन नसकेको वर्तमान अवस्थामा सामाजिक समावेशीकरणको नारा भ्रनौं फितलो हुने हुँदा देशको आधाभन्दा बढी हिस्सा ओगट्ने महिलावर्गको समावेशीकरण र सहभागितामा सबैभन्दा बढी जोड दिऔं ।

*(लेखक हाडा भक्तपुर बहुमुखी क्याम्पसका अर्थशास्त्र विषयका पूर्व सह-प्राध्यापक हुनुहुन्छ)*

*Email : gambhir.hada@gmail.com*